# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

## Online Document Management System (DMS) लागु गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित भएको मितिः २०८१।०९।२४**

विद्युत नियमन आयोग नेपालको विद्युत क्षेत्रको नियमन गर्ने स्वतन्त्र नियामक निकाय हो। विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिहरूको शेयरको सार्वजनिक निष्काशन, विद्युत कम्पनीको शेयर संरचना परिवर्तन, तथा विद्युत खरिद बिक्री सम्झौतामा सहमति तथा संसोधनसम्बन्धी आयोगबाट हुने काम कारबाही तथा सेवा प्रवाहलाई छिटो छरितो, विश्वसनीय, सेवाग्राही तथा प्रविधिमैत्री रूपले सञ्चालन गर्नका निमित्त Online Document Management System (DMS) लागु गरिएको व्यहोरा सम्पूर्ण अनुमतिपत्र प्राप्त व्यक्तिहरूको जानकारीका लागि अनुरोध छ।

आयोगद्वारा मिति २०८१।०९।२४ गते बुधबार माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री दिपक खड्काज्यूको प्रमुख आतिथ्यतामा **"ERC Document Management System (DMS)" को शुभारम्भ तथा प्रत्यक्ष प्रदर्शन कार्यक्रम"** मार्फत औपचारिक रूपमा उक्त प्रणाली लागु गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णको जानकारीका निमित्त अनुरोध छ। यस सम्बन्धमा आयोगको ५ वर्षे मार्गचित्रमा उल्लेख गरिएअनुसार आयोगमार्फत प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई गुणस्तरीय, जिम्मेवार तथा जवाफदेही बनाउन, तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरू अवलम्बन गर्दै नेपाल सरकारको सार्वजनिक सेवा प्रवाहलाई Digitalize गरी कागजरहित बनाउने लक्ष्यअनुरूप प्रविधिको प्रयोग गरी सेवाग्राहीमैत्री बनाउने उद्देश्यका साथ यो Online Document Management System (DMS) प्रणाली लागु गरिएको हो।

उक्त प्रणाली लागू भएसँगै अब उप्रान्त अनुमतिपत्र प्राप्त व्यक्ति तथा सङ्गठित संस्थाहरूले आयोगबाट सम्पादन हुने शेयरको सार्वजनिक निष्काशन, विद्युत खरिद बिक्री सम्झौतामा सहमति तथा संशोधन तथा शेयर संरचना परिवर्तन सम्बन्धी सम्पूर्ण कामकारबाही यसै Document Management System (DMS) प्रणाली मार्फत गर्न सक्नेछन्। अनुमतिपत्र प्राप्त व्यक्ति तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाले उक्त प्रणाली आयोगको आधिकारिक वेबसाइट www.erc.gov.np मा गई गृहपृष्ठ (Homepage) मा रहेको DMS मा क्लिक गरी वा www.dms.erc.gov.np मा गई यो सेवा प्रयोग गर्न सक्नेछन् ।

सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन, सार्वजनिक सेवा प्रदायक र सेवाग्राही बीच हुने सूचना आदानप्रदानलाई थप व्यवस्थित तथा सरल बनाउन, कागजरहित नियमन (Paperless Regulation) को अवधारणा स्थापित गर्ने उद्देश्यका साथ आयोगद्वारा प्रविधिमैत्री पूर्वाधारहरू निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ। भविष्यमा आयोगबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा कामकारबाहीलाई पूर्ण रूपले Digitalize गर्ने अभियानमा आयोग प्रतिबद्ध रहेको छ। आयोगले उक्त प्रणाली प्रयोग गर्न सम्पूर्ण सेवाग्राहीहरूलाई यसै सूचनामार्फत अनुरोध गर्दै यस कार्यमा सम्बन्धित सबैको सहयोग तथा सहजीकरणको अपेक्षा गर्दछ।


**थप जानकारीका लागि**

**आयोगको सचिवालय**

**सानो गौचरण, काठमाडौं**

सम्पर्क नं.: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९०

इमेलः info@erc.gov.np | admin@erc.gov.np